आज मिति २०८० साल असार ०८ गते शुक्रबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा १७ (सत्रौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृत: श्री ईश्वरी प्रसाद शर्मा

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य: श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयनको अवस्था तथा भुक्तानी गर्ने समयावधि सम्बन्धमा।

३. आर्थिक वर्ष २०७९/०८० को लागि प्राकृतिक श्रोत तथा खानीजन्य वस्तुको बिक्रि निकासी शुल्क संकलन सम्बन्धी बोलपत्र अनुसार भएको सम्झौता रकममा छुट माग सम्बन्धमा।

४. आर्थिक वर्ष २०८०/०८१ को लागि नीति, कार्यक्रम तथा बजेट (वार्षिक नगर विकास योजना) सम्बन्धमा।

५. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. शोक प्रस्ताव सम्बन्धमा।

३. आर्थिक सहायता सम्बन्धमा।

४. बागमती प्रदेश सरकारको राय माग गर्ने सम्बन्धमा।

५. स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा।

६. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन सम्बन्धमा।

७. बजेट निर्माण तथा कार्यान्वयन मार्गदर्शन स्वीकृत गर्ने सम्बन्धमा।

८. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको तेश्रो अधिवेशन (बजेट अधिवेशन) को पहिलो बैठकमा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा।

९. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

यस नमोबुद्ध नगरपालिका वडा नम्बर ११ का दलित महिला वडा सदस्य तथा नगर सभा सदस्य ज्ञानी वि.क. को मिति २०८० जेष्ठ ३२ गते असमायिक निधन भएको खबरले अत्यन्त दुखित तुल्याएको छ।

उहाँको निधनले नमोबुद्ध नगरपालिकाले एक असल जनप्रतिनिधि गुमाएको छ। शोकको यो घडीमा दिवंगत आत्माको चिर-शान्तिको कामना सहित भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै शोक सन्तप्त परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्ने। साथै सो सम्बन्धमा मिति २०८०/०३/०१ गतेको नगर प्रमुखस्तरीय निर्णयानुसार जारी गरिएको समवेदना र मिति २०८० असार ४ गते सोमबार शोक प्रकट गर्न दिईएको शोक विदा समेत अनुमोदन गर्ने।

निर्णय नम्बर ३:

नमोबुद्ध नगरपालिकाको मेथिनकोट अस्पतालमा उपचाररत राजनीतिक एवंम् सामाजिक व्यक्तित्व आदरणीय श्री गोविन्द नाथ उप्रेतीको आर्थिक अवस्था कमजोर भएको र थप उपचार गर्न आवश्यक रहेको हुँदा निजको उपचारकालाई यस नगरपालिकाबाट रकम रु. २,००,००० (अक्षेरुपी दुई लाख) आर्थिक सहायता उपलब्ध गराउने।

निर्णय नम्बर ४:

नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०३/०३ को निर्णय अनुसार मिति २०७९/०३/०६ गते राष्ट्रिय दैनिकमा सूचना दिई "नमोबुद्ध नगरपालिका क्षेत्र भित्रको प्राकृतिक श्रोत तथा खानीजन्य वस्तुको विक्री निकासी शुल्क संकलन" सम्बन्धी बोलपत्र आव्हान गरिएकोमा प्रचलित कानुनको अधिनमा रही नियामानुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये नियमानुसार छनोट भएको श्री एस एण्ड एम निर्माण सेवा प्रा.लि., डराउने पोखरी, काभ्रेपलाञ्चोक सँग सम्पूर्ण प्रकृया पुरा गरी दर्ता कबोल अंक रकम रु. २,७५,२६,८०० (दुई करोड पचहत्तर लाख छब्बीस हजार आठ सय) स्वीकृत गरी मिति २०७९/०४/०९ गतेको नगर कार्यपालिका बैठकको निर्णयानुसार सो बोलपत्रदातासँग प्रचलित कानुन बमोजिम सम्झौता, पट्टाको फारम, कबुलियतनामा, कार्यदिश लगायतका प्रकृया अगाडी बढाएको र विविध कारण देखाई श्री एस.एण्ड.एम निर्माण सेवा प्रा.लि., नमोबुद्ध नगरपालिका-०८ ले सम्झौता रकममा छुट माग गरेको सम्बन्धमा बागमती प्रदेश सरकारलाई सोधी पठाउने र सम्झौता बमोजिम बुझाउनु पर्ने किस्ताको रकम हाल सम्म पनि नबुझाएको पाईएकोले निज निर्माण व्यवसायीलाई तुरुन्त कित्ता रकम दाखिला गर्न अनुरोध गर्ने।

निर्णय नम्बर ५:

नमोबुद्ध नगरपालिकाको नगर उप-प्रमुख श्रीमान् रत्न बहादुर लामाज्यूको संयोजकत्वमा विभिन्न मितिमा बसेको स्थानीय राजश्व परामर्श समितिको बैठकले पेश गरेको आर्थिक विधेयक, २०८० सो सँग संलग्न अनुसूचीहरु र आर्थिक वर्ष २०८०/०८१ को लागि प्रक्षेपण गरिएको वार्षिक अनुमानित राजश्वको प्रतिवेदन स्वीकृत गर्ने।

निर्णय नम्बर ६:

नमोबुद्ध नगरपालिकाको नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको संयोजकत्वमा विभिन्न मितिमा बसेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकले पेश गरेको आर्थिक वर्ष २०८०/०८१ को अनुमानित आय, अनुमानित व्यय, विनियोजन विधेयक, २०८०, सो सँग सम्बन्धित अनुसूचीहरु, बजेट सिलिंगङ्ग लगायत उल्लेख भएको प्रतिवेदन स्वीकृत गर्ने।

निर्णय नम्बर ७:

नमोबुद्ध नगरपालिकाको नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको संयोजकत्वमा बसेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले पेश गरेको देहाय बमोजिमको बजेट निर्माण तथा कार्यान्वयन मार्गदर्शन स्वीकृत गर्ने।

देहायः

क. योजना छनोट र प्राथमिकता सम्बन्धी आधारहरुः

१. नेपालको संविधान।

२. दिगो विकास लक्ष्य।

३. २५ वर्षे दुरदृष्टी सहितको १५ औं पञ्चवर्षिय योजना।

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४।

५. नेपाल सरकारको आ.व. २०८०/८१ को बजेटको उद्देश्य र प्राथमिकता।

६. बागमती प्रदेश सरकारको आ.व. २०८०/८१ को बजेटको उद्देश्य र प्राथमिकता।

७. स्थानीय माग र आवश्यकता।

८. ठुला र गौरवका आयोजनाहरु।

९. अधुरा र पुरा गर्नैपर्ने जनमुखी आयोजनाहरु।

१०. उत्पादन बृद्दी र रोजगार प्रवर्धन गर्ने खालका आयोजनाहरु।

११. दिगो प्रतिफल दिने, टिकाउ र धेरै जनसंख्या लाभान्वित हुने कार्यक्रम तथा आयोजनाहरु।

ख. वडा स्तरीय बजेट निर्माणको मार्गदर्शनः

१. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले तोकेको वडागत बजेट सिलिङको सिमा भित्र रही बजेट निर्माण गर्नुपर्नेछ।

२. वडागत रुपमा छनोट गरिएका योजना तथा कार्यक्रम मध्ये कम्तिमा एउटा योजना तथा कार्यक्रम महिला, बालबालिका, दलित, अशक्त, जेष्ठ नागरिक लगायतका लक्षित वर्ग विशेष कार्यक्रम हुनुपर्नेछ।

३. अधुरा योजनाहरुलाई प्राथमिकता दिनुपर्नेछ।

४. वडागत रुपमा छनोट गरिएका तर आर्थिक वर्ष २०८०/०८१ मा समावेश गर्न नसकिएका योजनाहरु प्राथमिकीकरण गरी योजनाहरु परियोजना बैंक बनाई वडा कार्यालयमा सुरक्षित राख्नुपर्नेछ।

५. वडा स्तरीय बजेट तर्जुमा गरी वडा समितिको बैठकको अनुमोदन गरिएको निर्णय सहित यथाशिघ्र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सचिवलयमा पेश गरिसक्नुपर्ने छ।

ग. <u>विषयगत बजेट निर्माण मार्गदर्शन</u>ः

१. बढि प्रतिफल दिने र विषयको उद्देश्य पुरा गर्ने खालका कार्यक्रम छनोट गर्नुपर्ने।

२. सामुहिक लाभ हुने खालका कार्यक्रम छनोट गर्नुपर्ने।

३. सकेसम्म वितरणमूखी कार्यक्रम छनोट नगर्ने र गर्नैपर्ने भनी विषयगत समितिबाट सहमतीमा सामुहिक वितरणको मोडेलमा गर्नुपर्ने।

४. चालु प्रकृतिको खर्च कम हुनेखालको आयोजना छनोट गर्नुपर्ने।

<u>निर्णय नं. ८:</u>

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको तेश्रो अधिवेशन (बजेट अधिवेशन) को पहिलो बैठकमा पेश गर्ने प्रस्तावहरुः

१. लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्ने।

२. शोक प्रस्ताव सम्बन्धमा दोश्रो नगर सभाको तेश्रो अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

३. नमोबुद्ध नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को हाल सम्मको वित्तीय प्रगति प्रतिवेदन स्वीकृत गरी प्रमुख प्रशासकीय अधिकृत श्री ईश्वरी प्रसाद शर्माज्यूबाट दोश्रो नगर सभाको तेश्रो अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

४. नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम स्वीकृत गरी नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूबाट दोश्रो नगर सभाको तेश्रो अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

५. नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक,२०८० स्वीकृत गरी सार्वजनिक लेखा समितिका संयोजक तथा वडा अध्यक्ष श्री कृष्ण बहादुर तामाङज्यूबाट दोश्रो नगर सभाको तेश्रो अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

६. नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बनेको विनियोजन विधेयक,२०८० स्वीकृत गरी विधायन समितिका संयोजक तथा वडा अध्यक्ष श्री टिका बहादुर के.सी.ज्यूबाट दोश्रो नगर सभाको तेश्रो अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

७. नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम (बजेट वक्तव्य) स्वीकृत गरी नगर उप-प्रमुख श्री रत्न बहादुर लामाज्यूबाट दोश्रो नगर सभाको तेश्रो अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

८. नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९ पौष २१ गते देखि २०८० असार १० गते सम्मको बैठकबाट भएका निर्णयहरु, न्यायिक समितिका निर्णयहरु एवं आर्थिक तथा प्रशासनिक निर्णयहरु अनुमोदनको लागि दोश्रो नगर सभाको तेश्रो अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

९. नमोबुद्ध नगरपालिकाका नगर उप-प्रमुख तथा न्यायिक समितिका संयोजक श्री रत्न बहादुर लामाज्यूलाई न्यायिक समितिको प्रतिवेदन छलफलका लागि दोश्रो नगर सभाको तेश्रो अधिवेशनको पहिलो बैठकमा पेश गर्ने।

१०. दोश्रो नगर सभाको तेश्रो अधिवेशन (बजेट अधिवेशन) को दोश्रो बैठक मिति २०८० असार २७ गते बुधवार ११:०० बजे गर्ने।